१ कम्पनी :

(क) कम्पनी : उद्योग व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले कम्पनी ऐन, २०६३ अनुरुप प्रा.लि. तथा प.लि. को रुपमा संस्थापन गरेका अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थालाइ बुझिन्छ । यसले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, वेचविखन गर्न वा अन्य किसिमले व्यवसाय गर्न सक्छ साथै यसले आफ्नो नामबाट नालिस उजुर गर्न सक्छ ।

(ख) प्राइभेट कम्पनी : उपरोक्त क बमोजिम संस्थापित बढीमा ५० जनासम्म शेयरधनीहरुको कम्पनी हो साथै एकल शेयरधनी भएको कम्पनी पनि प्राइभेट कम्पनी अर्न्तर्गत पर्दछ ।

(ग) पव्लिक कम्पनी : उक्त क बमोजिम संस्थापित कम्पनीमध्ये प्राइभेट कम्पनीबाहेकको कम्पनी हो जसमा कम्तीमा ७ जना संस्थापक रहनु पर्ने र चुक्ता पूजी कम्तीमा रु.१ करोड भएको हुनुपर्दछ ।

(घ) मुनाफा वितरण नगर्ने कम्पनी : कुनै उद्येश्य प्राप्तीको लागी आर्जित मुनाफा वा वचत गरेको रकमबाट लाभांस वा अन्य कुनै रकम सदस्यहरुलाइ वितरण वा भुक्तानी गर्न नपाउने गरी कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित कम्पनी हो जसमा कम्तीमा ५ जनासम्म संस्थापक रहने र यस्तो कम्पनीले आफ्नो नामको पछाडि सामान्यतया कम्पनी लिमिटेड वा प्रा.लि. जस्ता शव्दहरु लेखिरहनु पर्दैन ।

२ कम्पनी दर्ता :

कुनै पनि कम्पनी दर्ता उद्योग मन्त्रालय अर्न्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुन्छ जसको दागी देहायबमोजिमका कागजपत्रहरु आवश्यक पर्दछन् ।

२.१ नेपाली नागरिक शेयरधनी रहने -मुनाफा वितरण नगर्ने समेत) गरी संस्थापन हुने कम्पनीको सम्बन्धमा :

अनुसूची १ बमोजिमको निवेदन ।

एकल शेयरधनी रहने प्रस्तावित प्राइभेट कम्पनी भएमा अनुसूची ९ बमोजिम, एकल बाहेक अन्य प्राइभेट कम्पनी भएमा अनुसूची १० बमोजिम, पव्लिक लिमिटेड कम्पनी भएमा अनुसूची ११ बमोजिम र मुनाफा वितरण नगर्ने कम्पनी भएमा अनुसूची १२ बमोजिमको प्रबन्धपत्र २ प्रति ।

प्रस्तावित कम्पनी प्राइभेट लिमिटेड भएमा अनुसूची १४ बमोजिम, पब्लिक लिमिटेड कम्पनी भए अनुसूची १५ बमोजिम र मुनाफा वितरण नगर्ने कम्पनी भए अनुसूची १६ बमोजिमको नियमावली २ प्रति ।

संस्थापक शेयरधनीहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

प्रा.लि.कम्पनीको हकमा र्सवसम्मत संझौता भएको रहेछ भने त्यस्तो संझौताको प्रतिलिपि ।

पब्लिक लिमिटेड कम्पनीको हकमा कम्पनी संस्थापना गर्नु अघि संस्थापकहरुबीच कुनै संझौता भएको रहेछ भने सोको प्रतिलिपि ।

कुनै निकायको पूर्व स्वीकृति वा इजाजत आवश्यक पर्ने भए त्यस्तो निकायको स्वीकृति वा इजाजत ।

संस्थापक नेपाली कम्पनी (कानूनी व्यक्ति) भएमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नया संस्थापना हुन लागेको कम्पनीमा के, कति र कसरी लगानी गर्ने तथा संस्थापक कम्पनीको प्रतिनिधित्व गर्ने व्यक्तिको नाम खुलाइएको संचालक समीतिको निर्णयको प्रतिलिपि र प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२.२ विदेशी नागरिक संस्थापक तथा शेयरधनी रहने गरी स्थापना हुने संयुक्त लगानी वा पूर्ण विदेशी लगानी हुने कम्पनीको लागी आवश्यक थप कागजपत्र ।

प्रचलित कानून वमोजिम सम्वन्धित निकायबाट नेपाल राज्यभित्र लगानी गर्न अनुमति पाएको इजाजतपत्रको प्रतिलिपि,

संयुक्त लगानी हुने औद्योगिक कम्पनीको हकमा उद्योग विभागबाट स्वीकृति तथा संयुक्त लगानी सम्झौताको प्रतिलिपि,

विदेशी व्यक्ति संस्थापक भएमा निजको राहदानी (पासपोर्ट) को प्रमाणित प्रतिलिपि र कानूनी व्यक्ति (कम्पनी) भए कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा कम्पनीले लगानी गर्ने सम्वन्धी निर्णयको प्रतिलिपि र कम्पनीको तर्फाट प्रतिनिधित्व गर्ने व्यक्तिको मनोनयन पत्र एवं निजको राहदानीको प्रमाणित प्रतिलिपि ।

२.३ प्राइभेट र्फम । साझेदारी फर्मलाइ कम्पनीमा परिणत गरी कम्पनी दर्ता गर्न आवश्यक थप कागजपत्र

प्रा.र्फम/साझेदारी र्फमलाई कम्पनीमा परिणत गर्ने सन्वन्धमा संस्थापकहरुवीचको संझौता ।

नविकरण गरिएको र्फम दर्ता प्रमाणपत्र ।

आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि र कर फछ्र्यौटको प्रमाण वा सहमती ।

२.४ प्राइभेट लिमिटेडलाई पव्लिक लिमिटेडमा र पव्लिक लिमिटेडलाई प्राइभेट लिमिटेडमा परिणत गर्न आवश्यक कागजपत्र :फर्म

क) प्रा.लि.लाई प.लि. मा परिणत गर्न आवश्यक थप कागजपत्र :

अनुसूची ६ बमोजिमको निवेदन ।

साधारण सभाको निर्णयको प्रतिलिपि ।

कम्पनीमा कम्तीमा २५ प्रतिशत शेयर पव्लिक कम्पनीले खरिद गरेको कागजात ।

कम्पनीले कुनै पव्लिक कम्पनीको कम्तीमा २५ प्रतिशत शेयर खरिद गरेको कागजात ।

प्रस्तावित ३ महले प्रवन्धपत्र र नियमावलीको १।१ प्रति ।

संस्थापक थप हुने भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ख) प.लि.लाई प्रा.लि.मा परिणत गर्न आवश्यक थप कागजपत्र :

अनुसूची ७ बमोजिमको निवेदन ।

साधारण सभाको निर्णयको प्रतिलिपि ।

पूजी खुलेको लेखा परिक्षण प्रतिवेदन ।

शेयरधनी संख्या ७ भन्दा कम भएको कारणबाट पव्लिक लिमिटेडबाट प्रा.लि.मा परिणत हुने भएमा सोसम्बन्धि कागजात ।

प्रस्तावित ३ महले प्रवन्धपत्र र नियमावलीको १।१ प्रति ।

संस्थापक थप हुने भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२.५ विदेशी कम्पनीको दर्ता, शाखा कार्यालय र सर्म्पर्क कार्यालय स्थापना सम्वन्धि (दफा १५४,१५५)

अनुसुची २९ बमोजिमको ढांचामा निवेदन ।

व्यवसाय वा कारोवार संचालनको लागी अधिकारप्राप्त अधिकारीबाट प्राप्त अनुमतिपत्र ।

कम्पनी संस्थापनको अधिकार पत्र, प्रमाणपत्र, प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि र सोको नेपाली अनुवाद ।

कम्पनीको मूल कार्यालय र कारोवार गर्ने मूख्य ठेगाना, कम्पनी संस्थापना भएको मिति, जारी पूजी र मूख्य उद्येश्य खुलेको विवरण ।

कम्पनीका संचालक, प्रवन्धक, कम्पनी सचिव वा प्रमुख पदाधिकारीस्को नाम, ठेगाना र निजहरुको नागरिकता सम्वन्धि विवरण ।

म्याद सूचना जारी हुदा कम्पनीको तर्फाट वुझिलिने आधिकारिक व्यक्तिको नाम ठेगाना खुलेको विवरण ।

नेपाल राज्यमा व्यवसाय वा कारोवार गर्ने भए प्रस्तावित लगानी र कारोवारको विवरण ।

नेपाल राज्यमा व्यवसाय वा कारोवार गर्ने मूख्य स्थान र ठेगाना ।

नेपालमा व्यवसाय वा कारोवार शुरु गर्ने प्रस्तावित मिति ।

कम्पनीको संचालक वा निजको प्रतिनिधिले कम्पनीको तर्फाट गरेको उद्घोषण ।

दफा १५७ बमोजिमको अख्तियारनामा ।

२.६ शाखा थपको अभिलेख गर्ने :

कम्पनीको अनुरोधपत्र ।

संचालक समीतिको निर्णय प्रतिलिपि ।

हाल थप समेत कायम रहने शाखा विवरण ।

२.७ कम्पनी दर्ता सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु :

प्राइभेट लिमिटेड कम्पनीको हकमा कम्तीमा एक जना र बढीमा ५० जनासम्म र प.लि. कम्पनीको हकमा कम्तीमा ७ जना संस्थापक शेयरधनीहरु हुनु आवश्यक छ । तर कुनै पव्लिक लिमिटेड कम्पनी संस्थापक भई अर्को पव्लिक लिमिटेड कम्पनी संस्थापना गर्दा ७ जना संस्थापकहरुको आवश्यकता पर्दैन ।

प्रवन्धपत्र र नियमावली यथाशक्य नेपाली कागजमा अथवा टिकाउ खालको कागजमा एकातर्फमात्र टाइप भएको हुनुपर्दछ ।

प्रवन्धपत्र र नियमावली शुद्ध तथा स्पष्ट नेपाली भाषामा तयार गरिएको हुनुपर्दछ । विदेशी लगानी हुने कम्पनीको हकमा प्रवन्धपत्र र नियमावली शुद्ध तथा स्पष्ट अंग्रेजी भाषामा तयार गरिएको हुनुपर्छ तर ती दुवैको नेपाली रुपान्तर पनि पेश गर्नु पर्दछ ।

प्रवन्धपत्र र नियमावलीको प्रत्येक पानामा तलतिर सबै संस्थापक शेयरवालाहरुले दस्तखत गरेको हुनुपर्दछ ।

प्रवन्धपत्र र नियमावलीको अन्तिम प्रकरणमा संस्थापक शेयरवालाहरुको पूरा नाम, ठेगाना, लिन कवुल गरेको शेयर संख्या र दस्तखतको साथ साथै प्रत्येकसंस्थापकको दस्तखत मुनीस्पष्ट वूझिने गरी ल्याप्चे सहिछाप हुनुपर्दछ । संस्थापक शेयरवाला पिच्छे एकजना साक्षीको पूरा नाम, ठेगाना र दस्तखत हुनु आवश्यक छ ।

नयाँ कम्पनी दर्ता हुँदा त्यस्तो कम्पनीको शेयर पूरानो कम्पनीले खरीद गर्ने प्रावधान राखिएमा पूरानो कम्पनीको आर्थिक अवस्था चित्रण भएको प्रमाण पेश गर्नुपर्छ ।

कम्पनी दर्ता गर्न आउदा संस्थापक शेयरधनीहरुमध्ये कम्तीमा १ जना शैयरधनी कार्यालयमा स्वयम् उपस्थित भै सनाखत गर्नु पर्दछ ।